# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, जेठ १२ गते २०४६ साल (संख्या ७

## भाग ३

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना १

**संस्था दर्ता (तेस्रो संशोधन) नियमावली, २०४६**

संस्था दर्ता नियमावली, २०३४ लाई संशोधन गर्न वान्छनीय भएकोले, संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "संस्था दर्ता (तेस्रो संशोधन) नियमावली, २०४६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. संस्था दर्ता नियमावली, २०३४ को नियम ५ मा संशोधनः संस्था दर्ता नियमावली, २०३४ को नियम ५ को उपनियम (३) र (४) को सट्टा देहायका उपनियम (३) र (४) राखिएका छन् ।

"(३) उपनियम (२) बमोजिमको म्याद नाघेपछि कुनै संस्थाले दर्ताको प्रमाणपत्र नवीकरणको लागि दरखास्त दिन आएमा स्थानीय अधिकारीले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहायबमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछः–

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिना सम्मको लागि रू.५०।–

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्तसम्मको लागि रू. २५०।–

(४) उपनियम (३) को खण्ड (ख) बमोजिमको म्यादभित्र पनि नवीकरण गर्न नसकेको संस्थाले नवीकरण गर्न नसकेको कारणसमेत खुलाइ म्याद सकिएको एक वर्षभित्र स्थानीय अधिकारी समक्ष निवेदन दिएमा निजले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित श्री ५ को सरकार, गृह मन्त्रालयमा पठाउनु पर्नेछ । गृह मन्त्रालयले त्यस्तो संस्थाको नवीकरण गर्न उपयुक्त देखेमा प्रत्येक वर्षको पाँचसय रूपैयाँ थप जरिवाना लिई नवीकरण गरिदिन स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ ।"

## सूचना २

श्री ५ को सरकारले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३१ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायको सूचना प्रकाशित गरेको छ ।

अर्थ मन्त्रालय, राजस्व अनुसन्धान महाशाखाका सह-सचिव सुदर्शनबहादुर सिंहलाई राजस्व चुहावट रोक्ने क्षेत्रमा मात्र प्रयोग तथा पालन गर्न पाउने गरी विशेष प्रहरी अधिकृतको अधिकार र कर्तव्य सुम्पेको छ ।

खण्ड ४० मिति २०४७।४।१५ अतिरिक्ताङ्क २६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित मन्त्रिपरिषद् सचिवालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

## सूचना १

नेपाल राजपत्र भाग ३ खण्ड २३ अतिरिक्ताङ्क ७८(क) मिति २०३०।१२।२६ मा प्रकाशित अर्थ मन्त्रालयको सूचना बमोजिम विराटनगर राजस्व न्यायाधिकरणको सदर मुकाम विराटनगर र नेपालगन्ज राजस्व न्यायाधिकरणको सदर मुकाम नेपालगन्ज तोकिएकोमा सो मध्ये विराटनगर राजस्व न्यायाधिकरणको सदर मुकाम नेपाल राजपत्र भाग ३ खण्ड २५ अतिरिक्ताङ्क ५० (क) मिति २०३२।१०।२५ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम विराटनगरबाट धरान तोकिएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ (२) को अधिकार प्रयोग गरी श्री ५ को सरकारले विराटनगर राजस्व न्यायाधिकरणको सदर मुकाम विराटनगर र नेपालगन्ज राजस्व न्यायाधिकरणको सदर मुकाम सुर्खेत तोकिदिएको छ।

## सूचना २

श्री ५ को सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरेको छः–

पुनरावेदन अदालत, ललितपुरका न्यायाधीश श्री भैरवप्रसाद लम्साललाई काठमाण्डौ राजस्व न्यायाधिकरणको कानून सदस्य एवं अध्यक्षको कामसमेत गर्ने गरी तोकेको छ।

पुनरावेदन अदालत, विराटनगरका न्यायाधीश श्री कल्याण श्रेष्ठलाई विराटनगर राजस्व न्यायाधिकरणको कानून सदस्य एवं अध्यक्षको कामसमेत गर्ने गरी तोकेको छ।

पुनरावेदन अदालत, पोखराका न्यायाधीश श्री माधवराज थापालाई पोखरा राजस्व न्यायाधिकरणको कानून सदस्य एवं अध्यक्षको कामसमेत गर्ने गरी तोकेकोछ।

पुनरावेदन अदालत, सुर्खेतका न्यायाधीश श्री ज्ञाइन्द्रबहादुर श्रेष्ठलाई नेपालगंज राजस्व न्यायाधिकरणको कानून सदस्य एवं अध्यक्षको कामसमेत गर्ने गरी तोकेको छ।



१२२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले प्रशासकीय अदालत नियमावली, २०४४ को नियम ३ को खण्ड (क) अनुसार पुनरावेदन अदालत, ललितपुरका न्यायाधीश श्री भैरवप्रसाद लम्साललाई प्रशासकीय अदालतको अध्यक्ष तोकेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले होटलकर ऐन, (संशोधन सहित) २०१८ को दफा १० ले दिएको अधिकार प्रयोग गरी २०४८ आश्विन मसान्तसम्म सम्पूर्ण होटलकर चुक्ता गर्ने करदाताहरूलाई सोही ऐनको दफा ८ बमोजिम लागेको जरिवाना पूरै मिन्हा गरी दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी लायन्स क्लब अफ गोरखा र लियो क्लब गोरखाले भारतबाट खरिद गरी पैठारी गर्ने रू. १,८०,२३८।–(एकलाख असीहजार दुइसय अठ्तीस) मूल्य बराबरको मारुती ओमीन एम्बुलेन्स (भ्यान) एक (१) मा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्रिशुलीस्थित मुगतपुर विहारमा स्थापना गर्न थाईलैण्डका भिक्षुद्वारा उपहार स्वरूप प्रदान गरिएको १ (एक) थान बसेको बुद्धमूर्तिमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

९२५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## संसद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४६।१।१८ को निर्णयानुसार नेपाल संसद सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका सहायक सचिवहरूलाई सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदमा मिति २०४८।११।१८ देखि जेष्ठता गणना गरिने गरी बढुवा गरिएको छ ।

१. श्री विष्णुदत्त उप्रेती
२. श्री कृष्णप्रसाद पाण्डे
३. श्री रामहरि अर्याल

### सूचना २

श्री ५ को सरकारको मिति २०४६।१।१८ को निर्णयानुसार नेपाल संसद सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका शाखा अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक सचिव पदमा २०४८।११।३० देखि जेष्ठता गणना गरिने गरी बढुवा गरिएको छ ।

१. श्री मनोहरप्रसाद भट्टराई
२. श्री बलदेव खड्का
३. श्री रामशरण घिमिरे
४. श्रीमती इन्दिरादेवी पौडेल
५. श्री ठाकुरप्रसाद बराल
६. श्री मुकुन्दप्रसाद शर्मा
७. श्री ज्ञानप्रसाद भट्टराई

आज्ञाले,
जीवनलाल सत्याल
संसद सचिवालयको महासचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४८।१२।१७ को निर्णयले जिल्ला प्रशासन कार्यालय सुनसरीका (का.मु.) प्र.जि.अ. श्री विजयराज भट्टराई मन्त्रालयमा आउन काज स्वीकृत गरेको हुँदा उहाँले जिल्ला छाडेको मितिदेखि कार्यालयमा हाजिर नभएसम्मका लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा जि.प्र.का. मोरङका व.प्र.अ. श्री नरेन्द्र दाहाललाई का.मु सुकरर गरेको छ।

## सूचना २

श्री ५ को सरकारको मिति २०४८।१२।४ को निर्णयले जिल्ला प्रशासन कार्यालय प्यूठानका प्र.जि.अ. श्री डिल्लीराज जोशी सुशोभन समारोहको लागि सम्पर्क राख्न मन्त्रालयमा आउनु भएको हुँदा उहाँले जिल्ला छाडेको मिति २०४८।१२।७ गतेदेखि कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ.पदमा सोही कार्यालयका प्र.अ.श्री बालकृष्ण पन्थीलाई का.मु. मुकरर गरेको छ।

## सूचना ३

श्री ५ को सरकारको मिति २०४८।१२।११ को निर्णयले रा.प. तृतीय श्रेणीका अधिकृत श्री हरिदत्त पाण्डेलाई गृह मन्त्रालय वा अन्तर्गतबाट सीमा प्रशासन शाखा डडेलधुराको शाखा अधिकृत पदमा पदस्थापन गरेको छ।

## सूचना ४

श्री ५ को सरकारको मिति २०४८।१२।२६ को निर्णयले जिल्ला प्रशासन कार्यालय रूपन्देहीका (का.मु.) प्र.जि.अ. श्री पूर्णबहादुर अधिकारी मिति २०४८।१२।३० गतेदेखि बिदा लिनु भएकोले उहाँ बिदामा बसेको मितिदेखि त्यस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयका प्र.जि.अ. हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ.पदमा जिल्ला प्रशासन कार्यालय नवलपरासीका व.प्र.अ. श्री ईश्वरप्रसाद पोखरेललाई का. मु. मुकरर गरेको छ ।

## सूचना ५

श्री ५ को सरकारको मिति २०४८।१२।२१ को निर्णयले जिल्ला प्रशासन कार्यालय सिराहाका प्र. जि. अ. श्री शिवप्रसाद शर्मा बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा जि.प्र.का.का व.प्र.अ. श्री दयाराम शर्मालाई का.मु. मुकरर गरेको छ ।

## सूचना ६

श्री ५ को सरकारको मिति २०४८।१२।१३ को निर्णयले देहायका जिल्लाका प्र.जि.अ.हरू सुशोभन समारोहमा भाग लिन जानु भएको हुँदा उहाँहरूले जिल्ला छोडेको मितिदेखि फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र. अ. हरूलाई नै का. मु. मुकरर गरेको छ ।

| सि.नं. | साबिक प्र.जि.अ. हरूको नाम, थर | का.मु. मुकरर भै प्र.जि.अ. हुनु भएका प्र.अ.हरूको नाम, थर | जिल्ला प्रशासन कार्यालय |
|---|---|---|---|
| १. | श्री ध्रुवराज वाग्ले (का.मु.) | श्री रोहितकुमार भट्टराई | इलाम |
| २. | श्री टीकाराम अर्याल | श्री कीरणप्रसाद शिवाकोटी | धादीङ |
| ३. | श्री वैद्यनाथ मल्लिक | श्री महेन्द्रलाल श्रेष्ठ | संखुवासभा |
| ४. | श्री बद्रीबहादुर कार्की (का. मु.) | श्री मुरारीप्रसाद शर्मा | जुम्ला |

 ९२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

श्री ५ को सरकारको मिति २०४६।१।१४ को निर्णयानुसार देहायका प्र.जि.अ. हरू निर्वाचन आयोगले आयोजना गरेको गोष्ठीमा भाग लिन जानु हुने भएकोले उहाँहरूले जिल्ला छोडेको मितिदेखि नै लागू हुने गरी गोष्ठीबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा सोही कार्यालयका देहायका अधिकृतहरूलाई नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१)को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी का.मु. मुकरर गरेको छ ।

| सि.नं. | साबिक प्र.जि.अ. हरू | प्र.जि.अ. पदमा का.मु. मुकर गरिएका अधिकृतहरू |
|---|---|---|
| १. | प्र.जि.अ. श्री ध्रुवराज वाग्ले, जि. प्र.का. इलाम । | प्र.अ. श्री रोहितकुमार भट्टराई |
| २. | " श्री निरन्जन बराल, जि. प्र. का., दोलखा । | " श्री मुकुन्दप्रसाद ढकाल |
| ३. | " श्री हेमराज सापकोटा, जि. प्र.का., रामेछाप । | " श्री खड्गराज शर्मा |
| ४. | " श्री मोदराज डोटेल, जि. प्र.का, सोलुखुम्बु । | " श्री भीमशेर रूम्दाली |
| ५. | " श्री ईश्वरनारायण पाण्डे, जि. प्र.का , उदयपुर । | " श्री चेत नारायण शर्मा |
| ६. | " श्री रामेश्वर देवकोटा, जि. प्र.का., ओखलढुगा । | " श्री सुन्दरराज अर्याल |
| ७. | " श्री वासुदेव खनाल, जि.प्र. का., महोत्तरी । | व. प्र. अ. श्री श्यामकिशोर मल्लिक |
| ८. | " श्री चिनिया नारायण श्रेष्ठ जि.प्र. का., नुवाकोट । | प्र.अ. श्री प्रदीपराज कणेल |
| ९. | " श्री अनन्तराज पाण्डे, जि.प्र. का., काभ्रेपलान्चोक । | " श्री वासुदेव गुरागाई |
| १०. | " श्री लक्ष्मीकान्त झा, जि.प्र. का., रसुवा । | " श्री दीपेन्द्र काफ्ले |



१३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ११. | प्र. जि. अ. | श्री चन्द्रबहादुर कार्की, जि. प्र.का. सिन्धुली । | प्र.अ. | श्री वीरेन्द्रमान अमात्य |
| १२. | " | टीकाराम अर्याल, जि.प्र. का., धादिङ । | " | श्री किरणप्रसाद सिवाकोटी |
| १३. | " | श्री कृष्णमुरारी शर्मा जि. प्र.का., बारा । | " | श्री रामबाबु घिमिरे |
| १४. | " | श्री मोहनप्रसाद ढकाल, जि. प्र.का., सिन्धुपाल्चोक । | " | श्री लोकप्रसाद आचार्य |
| १५. | " | श्री रेवतिराज काफ्ले, जि. प्र.का., खोटाङ । | " | श्री परशुराम अर्याल |
| १६. | " | श्री प्रेमकुमार वान्तवा, जि. प्र.का., सप्तरी । | व.प्र.अ. | श्री दयाराम शर्मा |
| १७. | " | श्री दुर्गाप्रसाद पोखरेल, जि. प्र.का., धनकुटा । | प्र.अ. | श्री विश्वनाथ चापागाईं |
| १८. | " | श्री रामप्रसाद श्रेष्ठ, जि. प्र.का., तेह्रथुम । | " | श्री दुर्गामणि सापकोटा |
| १९. | " | श्री वैद्यनाथ मल्लिक, जि.प्र. का., संखुवासभा । | " | श्री महेन्द्रलाल श्रेष्ठ |
| २०. | " | श्री खेमराज रेग्मी, जि.प्र. का. मोरङ । | व.प्र.अ. | श्री नरेन्द्र दाहाल । |

## सूचना ८

श्री ५ को सरकारको मिति २०४६।१।७ को निर्णयानुसार देहायका प्र. जि.अ. हरू निर्वाचन आयोगले आयोजना गरेको गोष्ठिमा भाग लिन जानु भएकोले प्र.जि.अ. ले जिल्ला छोडेको मितिदेखि नै लागू हुने गरी गोष्ठिबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा सोही कार्यालयका देहायका अधिकृतहरूलाई नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.न. | साबिक प्र.जि.अ. हरू | प्र.जि.अ.पदमा का.मु. मुकरर गरिएका अधिकृतहरू |
|---|---|---|
| १. | प्र.जि.अ. श्री भरतमणि रिसाल, जि.प्र.का., गोरखा। | प्र.अ. श्री चिरन्जीवी सिग्देल |
| २. | प्र.जि.अ. श्री खोमराज नेपाल, जि.प्र.का., लमजुङ। | प्र.अ. श्री कृष्णराज त्रिपाठी |
| ३. | प्र.जि.अ. श्री जयनारायण मण्डल, जि.प्र. का., स्याङजा । | प्र.अ. श्री बाबुराम लामिछाने |
| ४. | प्र.जि.अ. श्री सुवर्णलाल श्रेष्ठ, जि.प्र.का., मनाङ। | प्र.अ. श्री प्रेमनारायण शर्मा |
| ५. | प्र.जि.अ. श्री हीरामान श्रेष्ठ, जि.प्र.का., पर्वत। | प्र. अ. श्री तेजप्रसाद पौडेल |
| ६. | प्र.जि.अ. श्री राम प्र. शर्मा जि.प्र.का., अर्घाखाँची। | प्र.अ. श्री दामोदर पन्त |
| ७. | प्र.जि.अ. श्री तिर्थ प्र. ज्ञवाली, जि.प्र.का., पाल्पा । | प्र.अ. श्री बामदेव शर्मा |
| ८. | प्र.जि.अ. श्री रामरतन मिश्र, जि.प्र.का., स्याग्दी। | प्र.अ. श्री क्षेत्रबहादुर भण्डारी |
| ९. | प्र.जि.अ. श्री भोलानाथ शर्मा, जि.प्र.का. मुस्ताङ। | प्र.अ. श्री रबिराज काफ्ले |
| १० | प्र.जि.अ. श्री लक्ष्मीप्रसाद भट्टराई, जि.प्र.का., बाग्लुङ। | प्र.अ. श्री शेषकान्त शर्मा। |

आज्ञाले,
महेश्वर शर्मा
सहसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

यातायात व्यवस्था विभागका महानिर्देशक श्री श्यामकुमार श्रेष्ठ मिति २०४९।१।१८ देखि ऐ ३१ गतेसम्म घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो पदमा सोही विभागका उप-महानिर्देशक श्री शिवबहादुर अधिकारीलाई श्री ५ को सरकारले नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४९।१।१८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
गोविन्दप्रसाद रन्जितकार
श्री ५ को सरकारको अतिरिक्त सचिव

१३२



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

936

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।